# पुनर्वास नगर कार्यपालिका

## बालमैत्री स्थानीय शासन समिति गठन निर्देशिका-२०७५

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७५।११।०१ गते ।

यस नगरपालिकामा बालमैत्री स्थानीय शासन संचालन गर्नका लागि देहाय बमोजिम समिति गठन गरिनेछ ।

**१. बालमैत्री स्थानीय शासन नगर समितिः** नगरपालिकास्तरमा बालमैत्री स्थानीय शासन संचालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन नगर समिति रहनेछ :

(१) प्रमुख, नगरपालिका - अध्यक्ष

(२) उप-प्रमुख, नगरपालिका - उपाध्यक्ष

(३) समाजिक विकास समिति, प्रमुख - सदस्य

(४) नगरपालिकाले मनोनयन गरेको विषयगत शाखा प्रमुखहरु (स्वास्थ्य, शिक्षा, महिला, खानेपानी तथा सरसफाइ) - सदस्य

(८) गैसस महासंघ जिल्ला शाखाको प्रतिनिधि (महिला र बालवालिकाको क्षेत्रमा कार्यरत गैर.स.संघ संस्था मध्येबाट महासंघले मनोनयन गरेको प्रतिनिधि) १ जना - सदस्य

(९) स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट नगरपालिकाले मनोनयन गरेको प्रतिनिधि - १ जना - सदस्य

(१०) नगरपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट नगरपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) - सदस्य

(११) नगरपालिका स्तरीय बाल संजालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) - सदस्य

(१२) महिला र बालवालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्ये नगरपालिकाले तोकेको महिला प्रतिनिधि[1], (१ जना) - सदस्य

(१३) नगरपालिकाल बालमैत्री स्थानीय शासन हेर्ने अधिकृत वा शाखा प्रमुख - सदस्य

(१४) प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका सदस्य –सचिव

---

[1] यसरी महिला सदस्य छनौट गर्दा प्यारालिगल समिति वा यस्तै प्रकृतिका अन्य समूह भएको अवस्थामा उक्त समूहबाट सदस्य छनौट गर्नुपर्नेछ ।

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

२. **बालमैत्री स्थानीय शासन वडा समितिः** वडास्तरमा बालमैत्री स्थानीय शासन संचालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन वडा समिति रहनेछ :

(१) वडा अध्यक्ष - अध्यक्ष
(२) वडा अध्यक्षले तोकेको महिला सदस्य - उपाध्यक्ष
(३) स्थानीय स्वास्थ्य संस्थाका प्रमुख वा प्रतिनिधि (१ जना) - सदस्य
(४) महिला र बालवालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संघसंस्था वा सामुदायिक संस्था वा टोल विकास संस्था मध्येबाट वडा समितिले मनोनयन गरेको प्रतिनिधि (१ जना) - सदस्य
(५) वडामा रहेका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट वडा समितिले मनोनयन गरेको प्रतिनिधि (१ जना) - सदस्य
(६) वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट वडा समितिले मनोनयन गरेको प्रतिनिधि (१ जना) - सदस्य
(७) वडास्तरीय बाल संजालका अध्यक्ष - सदस्य
(८) महिला र बालवालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्ये वडा समितिले तोकेको महिला प्रतिनिधि[2], (१ जना) - सदस्य
(९) प्रतिनिधि, वडा बाल संरक्षण समिति[3] - सदस्य
(१०) बालमैत्री स्थानीय शासन हेर्ने वडा समितिका कर्मचारी - सदस्य
(११) वडा सचिव - सदस्य सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका श्रोत व्यक्ति, विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

---

[2] यसरी महिला सदस्य छनौट गर्दा महिला हिंसा निगरानी समूह वा यस्तै प्रकृतिका अन्य समूह भएको अवस्थामा उक्त समूहबाट सदस्य छनौट गर्नुपर्नेछ ।

[3] यसरी प्रतिनिधि छनौट गर्दा केन्द्रीय बाल कल्याण समिति अन्तर्गतको समिति भएको अवस्थामा उक्त कमितिबाट सदस्य छनौट गर्नुपर्नेछ

**३. बालमैत्री स्थानीय शासन समुदायस्तरीय समितिः** बालमैत्री स्थानीय शासनलाई समुदायस्तरमा संचालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री समुदायस्तरीय समिति रहनेछ :

| | | |
|---|---|---|
| (१) | सामुदायिक संस्था वा समूहका अध्यक्षहरुमध्ये वडा समितिले तोकेको प्रतिनिधि | - अध्यक्ष |
| (२) | स्थानीय विद्यालयका प्रधानाध्यापकहरु मध्ये सामुदायिक संस्था वा समूहले छनौट गरेको १ जना प्रतिनिधि | - सदस्य |
| (३) | समुदायमा रहेका बाल समूहमध्ये सामुदायिक संस्था वा समूहले छनौट गरेका १ जना बालिका सहित २ जना बाल प्रतिनिधि | - सदस्य |
| (४) | महिला र बालवालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्ये वडा समितिले तोकेको महिला प्रतिनिधि[4], (१ जना) | - सदस्य |
| (५) | सामुदायिक संस्था वा समुहका सचिव वा व्यवस्थापकहरु मध्येबाट उनीहरुले छानेको प्रतिनिधि (१ जना) | - सदस्य |
| (६) | वडा समिति तोकेको व्यक्ति | - सदस्य-सचिव |

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका श्रोत व्यक्ति, विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

यसरी सदस्य छनौट गर्दा महिला हिंसा निगरानी समूह वा यस्तै प्रकृतिका अन्य समूह भएको अवस्थामा उक्त समूहबाट सदस्य छनौट गर्नुपर्नेछ ।

4 यसरी महिला सदस्य छनौट गर्दा महिला हिंसा निगरानी समिति वा यस्तै प्रकृतिका अन्य समूह भएको अवस्थामा उक्त समूहबाट सदस्य छनौट गर्नुपर्नेछ ।

**४. श्रोत व्यक्ति तथा सहजकर्ता तोक्ने सम्बन्धमा :**
नगरमा बालमैत्री शासन कार्यान्वयन तथा अवलम्बन गर्नका लागि एक जना बालमैत्री स्थानीय शासन श्रोत व्यक्ति र एक जना बालमैत्री सहजकर्ता कार्यपालिकाले छनौट गर्न सक्नेछ । श्रोत व्यक्ति तथा सहजकर्ताको सेवा सुविधा आवश्यकता हेरी कार्यपालिकाले निर्धारण गर्नेछ ।

**१. श्रोत व्यक्ति :** नगरको बालमैत्रीको लागि सम्पर्क व्यक्ति, बालमैत्री सम्बन्धि नितीगत निर्णय गर्न कार्यपालिकामा प्रस्ताव लैजाने, विभिन्न सरोकारवाला निकायमा बालमैत्री सम्बन्धि भेला, बैठक, छलफल, जोखिममा परेका बालबालिकालाई उद्धार कार्यमा नगरको तर्फबाट सहभागि हुँन, वडाहरुसंग समन्वय गरि नगर तथा वडाका बलमैत्री कार्यक्रमहरु अनुगमन गर्न, पृष्ठपोषण दिने लगायत कार्य सम्पादन गर्न कार्यपालिका सदस्यलाई बालमैत्री स्थानीय शासन श्रोत व्यक्ति तोकिनेछ ।

**२. सहजकर्ता :** बालमैत्री स्थानीय शासन कार्यान्वयन तथा अबलम्बनको प्रकृयामा आवश्यक अभिलेखिकरण दुरुस्त राख्न, बालमैत्री कार्यक्रमहरु संचालन तथा व्यवस्थापन गर्न, जोखिममा परेका बालबालिकालाई उद्धार तथा व्यवस्थापन गर्ने आदि कार्य सम्पादन गर्न कार्यपालिकाले बालमैत्री सहजकर्ता तोक्न सक्नेछ । बालमैत्री सहजकर्ता तोक्दा मौजुदा कर्मचारी मध्येबाट कसैलाई जिम्मेवारी दिने वा आवश्यकता देखिए निश्चित समयको लागि (म्याद नथपिने गरि) प्रकृया पुराई सहजकर्ता नियुक्त गर्न सकिनेछ ।

समाप्त ।